# पाठ ३

# सुसमाचार बाँड्नका लागि एकसाथ काम गर्नु

राम्रो तालिम प्राप्त बास्केटबल वा फुटबल टिममा सहभागी भएर अर्को टिमको विरूद्धमा खेल्नुजस्तो उत्साह त्यहाँ अर्को छैन ! प्रत्येक टिम सदस्यलाई थाहा हुन्छ कि कुनै पनि एक जना व्यक्ति आफैँले मात्र खेल जित्न सक्दैन, तर सामूहिक लक्ष्य प्राप्तिका लागि एउटाले अर्कोलाई मद्दत गर्नैपर्छ । प्रत्येकले आफ्नो भाग पूरा गरेको हुन्छ । सबै जना पारस्परिक रूपमा एक अर्काको समर्थनमा भर परेका हुन्छन् ।

हाम्रो संसारमा सुसमाचार प्रचार गर्ने कार्यले यही किसिमको टिम प्रयत्नको माग गर्छ । कुनै पनि एक व्यक्तिले एकलै यो गर्न सक्दैन । आफ्नो मण्डलीको विस्तारमा कामदारहरूको टिम वा समूहलाई प्रयोग गर्न परमेश्वर खुशी हुनुहुन्छ । प्रेरित पावलले हाम्रो सहकार्यमा जोड दिएका छन् (२ कोरिन्थी ६:१) ।

तपाईंले अहिले जित्नुपर्ने संसार-आवश्यकताहरूलाई देख्नु हाम्रो पहिलो एकाइको अन्तिम पाठलाई अध्ययन गरिरहनुभएको छ ! व्यक्तिगत रूपमा आत्माहरू जित्ने कामका अतिरिक्त मण्डलीद्वारा गरिने सामूहिक सुसमाचार प्रचार अर्को महत्वपूर्ण आयाम हो । एउटा वा अर्को किसिमको सुसमाचार प्रचार गर्ने टिममा विश्वासीहरूलाई परिचालन गरिँदा आत्मा जित्ने सेवाहरू गुणानात्मक रूपमा वृद्धि हुन्छन् । आउनुहोस् र टिममा संलग्न हुनुहोस् !

## पाठको रूपरेखा

सुसमाचार प्रचारको निम्ति परमेश्वरको मुख्य प्रतिनिधि मण्डली हो
सुसमाचार प्रचार कार्यमा प्रत्येक विश्वासी संलग्न हुन्छ
सुसमाचार प्रचारमा अनुगमन कार्य समावेश हुन्छ



## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- व्यक्तिगत र समूहगत सुसमाचार प्रचारका बीचमा भिन्नता छुट्याउन सक्नुपर्नेछ ।
- ख्रीष्टको निम्ति मानिसहरूलाई जित्न दुवै व्यक्तिगत र सामूहिक प्रयासहरूलाई सुसमाचारले समावेश गरेको छ भनी महसुस गर्न सक्नुपर्नेछ ।
- सुसमाचारीय समूहगत कार्यमा तपाईंको स्थानीय मण्डलीसँग नजिकको सहयोगको विकास गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा यस पाठलाई पढ्नुहोस् र पाठ विकासमा दिइएका अभ्यासहरूलाई एक एक गरी पूरा गर्नुहोस् । औंलाटुप्पो बाइबल खण्डहरूलाई पूरा गर्न नभुल्नुहोस् ।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच्नुहोस् ।

३. एकाइ १ (पाठहरू १-३) लाई समीक्षा गर्नुहोस् । एकाइ १ को विद्यार्थी प्रतिवेदन उत्तरपृष्ठलाई पूरा गर्नुहोस् र यसलाई तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस् ।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| विकल्प | प्राणोत्सर्ग | दाता |
| छर्नु | अनिच्छुक | समर्थक |
| अड्नु | भावी | |

---

## पाठ विकास

### सुसमाचार प्रचारको निम्ति परमेश्वरको मुख्य प्रतिनिधि मण्डली हो

हाम्रा प्रभुको सेवा अवधिमा उहाँले दुई-दुई जनाको समूहमा सत्तरी जना मानिसहरूलाई पैंतीस वा त्यसभन्दा बढी गालील प्रान्तका शहरहरू र नगरहरूमा पठाउनुभयो । उहाँले यी समूह सदस्यहरूलाई सुसमाचार प्रचारको निम्ति, रोगीहरूलाई निको पार्नको निम्ति, र दुष्टात्माद्वारा सताइएकाहरूका लागि छुटकाराको दावी गर्नको निम्ति शक्ति हस्तान्तरण गर्नुभएको थियो । पछि यी समूहहरू तिनीहरूका आत्मिक विजयतामा आनन्द मनाउँदै फर्केका थिए (लूका १०:१७) ।

येशू स्वर्गारोहण हुनुभएपछि र पेन्तिकोसको दिनमा पवित्र आत्मा विश्वासीहरूमाथि ओर्लनुभएपछि, जवान मण्डली सुसमाचार प्रचार कार्यमा परमेश्वरको मुख्य प्रतिनिधि बन्यो । विभिन्न शताब्दीहरूभरि नै मण्डलीले सुसमाचार प्रचारको निम्ति एक साधनको रूपमा निरन्तरता दिएको छ । इतिहासको कुनै समय अवधिमा सुसमाचारीय प्रयासहरू ढीला भए र रोकिने अवस्थामा पुगे भने अरू समयहरूमा पवित्र आत्माले ठूलो आत्मिक जागृति ल्याउनुभयो । यसको फलस्वरूप, लाखौं मानिसहरूले ख्रीष्टलाई ग्रहण गरेका छन् र अझै आत्मा जित्नका लागि उत्प्रेरित भएका छन् ।

**उद्देश्य १**. *सुसमाचार प्रचारमा मण्डली-आधारित समूह कार्यको माग गर्ने अवस्थाहरूलाई पहिचान गर्नुहोस् ।*

## सुसमाचार प्रचार गर्दै सुरूको मण्डली वृद्धि भयो

नयाँ करार पत्रहरूले सुसमाचार प्रचारका लागि विश्वासीहरूलाई विशेष अर्ती नदिनुको सामान्य कारणचाहिँ यही थियो कि सुसमाचार प्रचार कार्य सबै जना संलग्न भएको सामान्य र स्वाभाविक क्रियाकलाप थियो। सुरूको मण्डलीको बारेको पढाइले अरूहरूसँग सुसमाचार बाँड्नका लागि हामीलाई प्रेरणा दिन्छ। यरूशलेममा भएको मण्डलीको विरूद्धमा ठूलो सतावट आएपछि, विश्वासीहरू यहूदिया र सामरियाभरि तितरबितर भए भनी हामी पढ्छौं। तर तिनीहरू "चारैपट्टि गएर वचन प्रचार गरे" (प्रेरित ८:४)। यहाँ प्रचार शब्दको अर्थ सुसमाचार सुनाउनु हो।

स्तिफनसको प्राणोत्सर्गसँग सम्बन्धित अर्को सतावाटले विश्वासीहरूलाई फोनिके, साइप्रस र सिरियाको एन्टिओखियासम्म छरपष्ट पाऱ्यो। रोमी साम्राज्यको तेस्रो ठूलो सहर, एन्टिओखियामा नै विश्वासीहरूले ग्रीक बोल्ने गैर यहूदीहरूलाई "प्रभु येशूका बारेमा सुसमाचार सुनाएका थिए" (प्रेरित ११:२०)। यी विश्वासीहरू आज हामीले चिनेकाजस्ता पूर्ण-समय प्रचारकहरू थिएनन्। तिनीहरू हरेक दिन काम गर्ने मानिसहरू, व्यापारीहरू, उद्योगकर्मीहरू जस्ता साधारण ख्रीष्टियान विश्वासीहरू थिए जो एन्टिओखियामा बसोबास गरे र मुक्तिदाता ख्रीष्टका साक्षी बने। यसको फलस्वरूप "प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै सङ्ख्यामा प्रभुतिर फर्के" (प्रेरित ११:२१)। यसरी पहिलो गैर यहूदी मण्डली एन्टिओखियामा स्थापित भएको थियो। स्वभावमा ख्रीष्टजस्ता रहेका विश्वासीहरूलाई यही नै अरूहरूले पहिलोपल्ट ख्रीष्टियानहरू भनेका थिए (प्रेरित ११:२६)।

**१** कुन घटनाले पहिलो शताब्दीमा सुसमाचार यरूशलेमबाट बाहिर फैलिन सकेको थियो ?

..........................................................................................

### आज मण्डलीले निरन्तर रूपमा सुसमाचार प्रचार गर्नैपर्छ

सुरूका ख्रीष्टियानहरूका बीचमा सुसमाचार जीवनको भाग नै बन्यो भनी तपाईंले सिक्नुभएको छ। हरेकलाई हरेक ठाउँमा सुसमाचार भनिने तिनीहरूको तरिकामा आज हामी फर्कनैपर्छ। चाहे सुरूको अवधिमा होस् वा हाम्रो पुस्तामा होस्

मण्डलीको साँचो वृद्धि दिनहुँ गरिने सुसमाचार प्रचारबाट आउँछ। मानिसहरू परमेश्वरका परिवारमा प्रवेश गर्न सक्नुभन्दा पहिले तिनीहरूले नयाँ जन्म पाउनैपर्छ। तिनीहरूले विश्वास गर्न सक्छन् र उद्धार पाउन सक्छन् भनी तिनीहरूले सुन्नैपर्छ।

मानिसहरूलाई ख्रीष्टको निम्ति जित्ने सम्पूर्ण क्रियाकलापहरूसँग सुसमाचार प्रचारको सीधा सरोकार रहेको छ भन्ने कुरा अहिले हामी देख्छौँ। सुसमाचार प्रचारका लागि आज धेरै तरिकाहरू प्रयोग गरिएका छन्। कुनै समूह वा टिम र कुनै किसिमको सङ्गठन संलग्न हुँदा, हामी त्यसलाई समूह सुसमाचार प्रचार भन्छौँ। प्रभावकारी समूह सुसमाचार प्रचारका लागि हामी सबैको सहयोग हुनैपर्छ।

शहरव्यापी सुसमाचार प्रचार अभियानले निर्दिष्ट क्षेत्रमा रहेका धेरै मण्डलीहरूलाई संलग्न गराउँछ। यिनीहरू एउटै सङ्गतिका मण्डलीहरू हुन सक्छन् वा ख्रीष्टका निम्ति मानिसहरूकहाँ पुग्ने सहयोग प्रयासमा तिनीहरूले विभिन्न सम्प्रदायहरूलाई प्रतिनिधित्व गरेका हुन सक्छन्। यी समूहहरूले आफ्ना अगुवाहरू र मण्डलीहरूसँग एकसाथ मिलेर ठूला सभाहरूको आयोजना गरी जतिसक्दो धेरै मानिसहरूकहाँ सुसमाचार पुऱ्याउँछन्। उचित योजना, अगुवाइ, सङ्गठन र प्रार्थना गरिएको खण्डमा यस्ता प्रयासहरूले समुदायमा ठूला प्रभाव पार्न सक्छन् र फलस्वरूप मण्डलीमा धेरै नयाँ विश्वासीहरू थपिन सक्छन्। अझै स्थानीय तहमाचाहिँ एउटै मण्डलीद्वारा सुमाचारीय सभाहरू सञ्चालन गरिन्छन्। सेवाहरूलाई फलदायक बनाउनका लागि, यहाँ पनि दुवै प्रचारक र पास्टरलाई मद्दत गर्न विश्वासीहरूको सहभागिता हुनैपर्छ।



समूह सुसमाचार प्रचारका अन्य रूपहरूलाई अझ नियमित आधारमा सञ्चालन गरिन्छ। तल केही उदाहरणहरू दिइएका छन् :

**१**. *आत्मा जित्ने* समूहहरूले अस्पतालहरूमा, झ्यालखानहरूमा र वृद्धाश्रमहरूमा वा सडकमा वा खुला बजारमा छोटो सेवाहरू सञ्चालन गर्छन्।

**२**. *भेटघाट गर्ने* समूहहरू सम्पर्कमा आएका वा चिनेजानेका व्यक्तिहरूलाई भेटघाट गर्न उनीहरू तिनीहरूका घरहरूमा जान्छन्। मानिसहरूलाई सुसमाचार सुनाउन र तिनीहरूलाई ख्रीष्टमा अगुवाइ गर्न तिनीहरूले यी मौकाहरूलाई प्रयोग गर्छन्।

**३**. *सुसमाचार पर्चा* वितरक समूहहरू पार्कहरू, आवास क्षेत्रहरू, बजारहरूजस्ता ठाउँहरूमा गई सुसमाचारीय पर्चाहरू र आई सी आई वा ग्लोबल युनिभर्सिटीद्वारा उत्पादन गरिएका सुसमाचारीय पत्राचार पुस्तकहरू वितरण गर्न सक्छन्।

सुसमाचार प्रचारका यी रूपहरू र तरिकाहरू मण्डली-आधारित हुनुपर्छ। सुसमाचारको खोजी गर्ने व्यक्तिहरूलाई कसले सुसमाचार प्रचार गरेको हो र तिनीहरूले कहाँ स्थानीय मण्डली भेट्टाउन सक्छन् भन्ने कुरा थाहा हुनैपर्छ। वितरण गरिएको प्रत्येक सुसमाचार पर्चा र पत्रिकामा स्थानीय मण्डलीको ठेगानाको छाप लगाइएको हुनुपर्छ। यसरी सत्यताको खोजी गर्नेहरूले अझै सहयोग प्राप्त गर्न सक्छन्।

**२** मण्डली-आधारित समूहकार्यको वा संलग्नताको अवस्थाको माग गर्ने प्रत्येक उदाहरणको अगाडि '**स**' लेख्नुहोस्।

.... क बाल सङ्गतिमा कहिल्यै सहभागी नभएका केटाकेटीहरूलाई सिकाउनका लागि मण्डलीले बिदा बाइबल स्कूलको योजना गर्छ।

.... ख तपाईंका छिमेकीले तपाईंलाई बताउँछन् कि उनी र उनकी पत्नीले सम्बन्धविच्छेद गर्ने निर्णय गरेका छन्।

.... ग तपाईंको मण्डली नजिकै भर्खरै मात्र १०० भन्दा बढी परिवारको निम्ति आवासको सुविधा खोलिएको छ। सुसमाचार पर्चा र मण्डलीमा आउने निमन्त्रणाकासाथ प्रत्येक घरमा जानुपर्छ भनी पास्टरले सुझाव दिएका छन्।

.... घ अनौपचारिक कुराकानीमा हुलाकीले तपाईंलाई भनेका छन् कि आराधनामा जानका लागि उनी असल मण्डली भेट्टाउन चाहन्छन् ।

**३** समूहगत कार्य पद्धतिमा संलग्न तीन किसिमका सुसमाचारीय प्रचारलाई तपाईंको अभ्यास पुस्तिकामा सूची बनाउनुहोस् ।

## सुसमाचार प्रचार कार्यमा प्रत्येक विश्वासी संलग्न हुन्छ

**उद्देश्य २.** *तीन किसिमका सुसमाचार प्रचारका सूची बनाउनुहोस् र प्रत्येकमा सहभागी हुने तपाईंको क्षमतालाई मूल्याङ्कन गर्नुहोस् ।*

मण्डलीको कुनै पनि सुसमाचारीय कार्यमा एक वा अर्को किसिममा प्रत्येक विश्वासीको समर्थनको आवश्यकता पर्दछ । तपाईंले आफ्नो मण्डलीलाई सहयोग गर्नसक्ने केही तरिकाहरू यहाँ छन् :

**१.** *आमुन्ने-सामुन्ने सुसमाचार प्रचार ।* यो मानिसहरूलाई ख्रीष्टमा डोऱ्याउने उद्देश्यका साथ इच्छुक व्यक्तिहरूसँग सीधै कुराकानी गर्नु हो । उनीहरूलाई ख्रीष्टमा आउनका लागि गरिने आग्रहका साथ उनीहरूको सामना गर्नु हो । हामीले यसलाई सिकेजस्तै यो आधारभूत सुसमाचार प्रचार हो : सुसमाचार बताउनु, येशूको निम्ति साक्षी दिनु, उहाँमा मानिसहरूलाई जित्नु र चेलाहरू बनाउनु हो । एक-एक जनासँगको कुराकानीको रूपमा पनि यो हुन सक्छ, वा सुसमाचारीय सन्देशपछि कुनै सेवकले सुसमाचारको खोजी गरिरहेकाहरूलाई मुक्तिको मार्ग बताइदिने पनि हुन सक्छ ।

**२.** *मित्रता सुसमाचार प्रचार ।* यसको अर्थ भावी ख्रीष्टियान विश्वासीसँग मित्रता गाँसेर सीधै सुसमाचार प्रचार गर्ने हुन्छ । तपाईंले तिनीहरूलाई तपाईंको घरमा खाना खानको लागि निमन्त्रणा गर्न सक्नुहुन्छ वा चिया खाँदाखाँदै मैत्रिक कुराकानी गर्न सक्नुहुन्छ वा तिनीहरूलाई सहायता गर्ने उपाय भेट्टाउन सक्नुहुन्छ । तपाईंले व्यक्तिहरूका रूपमा उनीहरूमाथि सरोकार देखाउनुभयो भने, तपाईंले तिनीहरूलाई भन्नुभएका कुरा उनीहरूले अझै तयारीका साथ सुन्नेछन् । अर्को उपाय घरेलु सङ्गतिहरूद्वारा हो, जब छिमेकीहरू र मित्रहरूलाई आराम र मैत्रिक वातावरणमा साक्षी दिन सकिन्छ । मण्डलीमा जान हिच्किचाउने मानिसहरूलाई यस किसिमले सुसमाचार सुनाउन सकिन्छ र त्यसपछि उनीहरूलाई मण्डलीमा ल्याउन सकिन्छ ।



३. *समर्थित सुसमाचार प्रचार ।* तल दिइएकाजस्ता विभिन्न क्षेत्रहरूमा समर्थन पाउनु कुनै पनि सुसमाचारीय प्रचार सेवामा महत्वपूर्ण छ :

*प्रार्थना ।* यो प्रत्येक सदस्यको मौका र जिम्मेवारी हो । जीवन परिवर्तन भएका मानिसहरू र मानिसहरूद्वारा पवित्र आत्माको काम भएको हुनाले यस प्रार्थना सेवालाई जति बढी जोड दिए पनि पर्याप्त हुँदैन ।

*व्यक्तिगत सहभागिता ।* सुसमाचारीय सभाहरूमा "त्यहाँ हुँदा", तपाईंले आफ्नो सरोकार र चासो देखाउनुभएको हुन्छ र तपाईंले सन्देशवाहकलाई पनि बलियो पार्नुहुन्छ । जब भावी विश्वासीहरूले आनन्दित, प्रेमी, मिलनसार र मैत्रीभाव भएका ख्रीष्टियान विश्वासीहरूलाई देख्छन्, तिनीहरू पनि त्यस समूहका भागहरू बन्न चाहन्छन् । आर्थिक रूपमा सहयोग गर्नु । आवश्यकीय खर्चहरू जुटाउनु सुसमाचार प्रचार कार्यलाई अगाडि बढाउने व्यावहारिक उपाय हो, र यसले जहिले पनि दिने व्यक्तिलाई आशिष ल्याउँछ ।

सुसमाचार प्रचार गर्ने काममा प्रत्येक विश्वासीका लागि ठाउँ छ । प्रेरित पावलले मण्डली र प्रभुको सम्बन्धलाई शरीरसँग तुलना गरेका छन्, जहाँ येशू ख्रीष्टचाहिँ शिर हुनुहुन्छ र शरीरका अन्य अङ्गहरूचाहिँ मण्डली हो (कलस्सी १:१८) । ख्रीष्टको काम गर्नको निम्ति प्रत्येक अङ्ग क्रियाशील हुनु आवश्यक पर्दछ ।




## सुसमाचार प्रचारमा सबै स्थानीय विश्वासीहरूलाई परिचालन गरिन्छ

**४** सहयोगपूर्ण नै भए पनि सुसमाचार प्रचारको कुनचाहिँ पक्षलाई, अरू पक्षहरूभन्दा कम आवश्यक ठानिन्छ ?

.......................................................................................................

**५** येशूको सेवाको बारेमा बताउने तल बायाँपट्टि दिइएका बाइबल खण्डहरूलाई पढ्नुहोस् । यसले चित्रण गर्ने दायाँपट्टिको सम्बन्धसँग प्रत्येकको जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| .... क लूका ११:१-४ | १) मित्रता |
| .... ख लूका १९:१-१० | २) आमुन्ने-सामुन्ने |
| .... ग यूहन्ना ४:५-२६ | ३) समर्थित |

स्वस्थ, वृद्धि भइरहेको मण्डलीलाई दुई किसिमका सेवकहरूको आवश्यकता पर्दछ । स्थानीय मण्डलीको जीवन र सेवाहरूलाई कायम राख्नका लागि मद्दत पुऱ्याउने स्वयम्-सेवकहरू । यिनीहरूका उदाहरणहरू सत्कार गर्नेहरू, मण्डली सचिवहरू, स्वागत गर्नेहरू, बाल-सङ्गति शिक्षक-शिक्षिकाहरू र सङ्गीत झुण्डका सदस्यहरू हुन् । यी सेवकहरूका क्रियाकलाप र दर्शन मित्रिय हुन् । तिनीहरूको चासो मण्डलीभित्र हुन्छ । यी मूल्यवान् मानिसहरू हुन् र प्रत्येक मण्डली अगुवा तिनीहरूका निम्ति कृतज्ञ हुन्छ ।

अरूहरूकाचाहिँ बाहिरीय सेवा छजस्तो देखिन्छ । यिनीहरू सडकमा भएका मानिसहरूसँग कुराकानी गर्छन्, झ्यालखानमा सेवाहरू सञ्चालन गर्छन्, सुसमाचार पर्चाहरू वितरण गर्छन् र मण्डलीमा जान नसक्ने र जान नचाहने उद्धार नपाएका व्यक्तिहरूकहाँ सुसमाचार पुऱ्याउँछन् । यद्यपि, परमेश्वरले दिनुहुने सेवाहरू कहिल्यै पूर्ण रूपमा एक वा अर्को क्षेत्रमा मात्र हुँदैनन् । पेशेवर व्यक्तिले स्थानीय मण्डलीलाई सहयोग गर्नैपर्छ र सङ्गीत झुण्डको सदस्यले प्रभुका निम्ति आफ्नो छिमेकीलाई जित्न आफूले गर्न सक्ने काम गर्नैपर्छ ।

**६** तीन किसिमका सुसमाचार प्रचार तरीका र यदि तिनीहरूका कुनै उपबुँदाहरू छन् भने तिनीहरूको सूची बनाउनुहोस् । व्यक्तिगत रूपमा तपाईं संलग्न हुन सक्नुहुने किसिमको मुनि एउटा धर्को तान्नुहोस् ।

..............................................................................................

..............................................................................................

**उद्देश्य ३**. *सुसमाचार प्रचारमा तपाईंले काम गर्न सक्नुहुने तरिकाहरूलाई वर्णन गर्नुहोस् ।*

## सहयोगीको रूपमा अनुभव हासिल गर्नुहोस्

प्रत्येक विश्वासी कसरी सुसमाचार प्रचारमा संलग्न हुन सक्छ भन्ने कुराको स्पष्ट तस्वीर पाउनका लागि, विगतमा सम्पन्न भएको वास्तविक सुसमाचारीय सेवामा हामी सहभागी होऔं ।

५,००,००० चिनियाँहरूको मध्य ताइवानमा रहेको ठूलो सहर ताइचुङलाई विचार गरौं । स्वयम्-सेवकहरूको एक समूह र मिसनेरी दम्पत्तिले एकसाथ काम गरिरहेका छन् । दक्षिण र उत्तर ताइवानमा भएका मण्डलीहरूका ६ जना स्वयम्-सेवकहरू आत्माले भरिएका जवान व्यक्तिहरू हुन् । ताइचुङमा हुनका लागि तिनीहरूले आफ्नो गर्मीको बिदा आफ्नै योजनामा मनाउन चाहेनन् । त्यस समूहलाई सहयोग पुऱ्याउने तीन विश्वासीहरू भर्खरै सुरू भएको स्थानीय मण्डलीबाटका हुन् ।

धेरै मानिसहरूलाई खीष्टमा ल्याउन र बिरामीहरूका निम्ति प्रार्थना गर्न अनुग्रहित रूपमा प्रभुद्वारा प्रयोग भएका आत्माले भरिएका प्रचारक र उनकी

पत्नीलाई आउनका लागि निमन्त्रणा गरिएको थियो । तिनीहरू आउनुभन्दा पहिले आउन लागेको सभाको निम्ति धेरै तयारीको आवश्यकता थियो ।

चिनियाँ समूह र मिसनेरी दम्पत्ति हरेक बिहान बाइबल पढाइ, प्रार्थना र योजनाको निम्ति एकसाथ भेला हुन्थे । सुसमाचारीय सभा सुरू हुनुभन्दा चार हप्ता पहिले त्यस समूहले ध्यानपूर्वक तलका योजनाहरूमा काम गऱ्यो ।

१. *विज्ञापन वा प्रचार प्रसार :* यस समूह वा टिमले सभाको सूचना दिनका लागि ठूला ठूला पोष्टरहरू छाप्छ । नगरपालिकाबाट अनुमति प्राप्त गरेपछि ती पोष्टरहरूलाई बिजुलीका खम्बाहरूमा, र सहरका वरिपरि भएका सामुदायिक सूचना बोर्डहरूमा र विभिन्न ठाउँका भित्ताहरूमा टाँसिन्छ । सुसमाचारीय सभाभन्दा पहिले र सभावधिमा रेडियोबाट सूचना दिने बन्दोबस्त पनि मिलाइन्छ । सभाको प्रचार प्रसार गर्न र साधारण मुक्तिको सन्देश दिन हातेपर्चाहरूको वितरण गरिन्छ । सुसमाचारीय सभा सुरू हुनुभन्दा पहिले टिमका दुई वा तीन सदस्यहरूले गाडी वा मोटरसाइकलको प्रयोग गरी पोस्टरहरू देखाउने वा पर्चाहरू बाँड्ने काम गर्छन् । मण्डलीका जवानहरूले निमन्त्रणा गर्ने खालका सङ्गीतसहितका भजनहरू तयार पारेर रेकर्ड गरी शहरका विभिन्न भागहरूमा गएर बजाउने काम गर्छन् । केही जवान व्यक्तिहरू सहरका विभिन्न ठाउँहरूमा गई सभामा आउने सूचनासहितका पर्चाहरू बाँड्छन् ।

२. *सुसमाचारीय सभा स्थल :* सबैभन्दा पहिले सभा पुरानो शहर हलमा सुरू हुन्छ । मानिसहरूबाटको प्रतिउत्तर बढ्दै गएपछि, सुसमाचारीय सभा नगर पार्कमा निर्माण गरेको ठूलो पालमा सारिन्छ । खुला ठाउँमा भएका यी सभाहरूले सयौं मानिसहरूलाई आकर्षण गर्छन् । तयारीका लागि धेरै नै कामहरू भइसकेका हुन्छन् - बस्ने मेचहरूको बन्दोबस्त मिलाउनुका साथसाथै ५०० भन्दा बढी मेचहरूलाई जगेडा राखिन्छ । अरू स्वयम्-सेवकहरू सँगसँगै यो टिमले बिजुली बत्तीहरूको बन्दोबस्त गर्छन् र अस्थायी मञ्च र पुलपिटका साथसाथै सुसमाचारीय सभा भन्ने ब्यानर पनि तयार गर्छन् ।

३. *सेवक वा कामदारहरू :* सभा सञ्चालन सुरू हुँदै गर्दा सम्पूर्ण विश्वासीहरूले हजारौं सुसमाचारीय पर्चाहरू र निमन्त्रणा पर्चाहरूलाई सभा नजिकैका गल्लीहरू र चोकहरूमा वितरण गर्नका लागि मद्दत गर्छन् । बाटोमा

हिँडेकाहरूलाई आदरसाथ पाल क्षेत्रमा प्रवेश गर्नका लागि आग्रह गरिन्छ, तब, इच्छुक व्यक्तिलाई हातमा समातेर त्यहाँ भइरहेको कुरालाई राम्रोसँग देख्ने र सुन्ने ठाउँमा लगेर मेचमा आसन ग्रहण गराउन सकिन्छ । तीन जवान व्यक्तिहरूले सङ्गीतलाई अगुवाइ र प्रचारकको सन्देशलाई दुईवटा चिनियाँ भाषाहरूमा उल्था गर्ने काम गर्छन् ।

सहयोगीहरू ! ताइचुङमा भएको त्यस ठूलो सुसमाचारीय सभा धेरै व्यक्तिहरूको सहयोग विना योजना र कार्यान्वयन हुनै सक्ने थिएन । सुरूबाट नै सहयोग गर्न इच्छुक व्यक्तिहरूले संयुक्त प्रयासमा आफ्नो समय, खुबी र साधनहरूका योगदान दिनका लागि अरूहरूलाई प्रेरणा दिएका थिए जसले येशू खीष्टद्वारा पाइने मुक्तिको सुसमाचार हजारौँ व्यक्तिहरूकहाँ पुऱ्याउनका लागि सहयोग गरेको थियो !

**७** यस्तै किसिमको सुसमाचारीय सभामा तपाईंले व्यक्तिगत रूपमा चार किसिममा दिन सक्नुहुने सहयोगको सूची बनाउनुहोस् ।

..........................................................................................

..........................................................................................

यी कुनै पनि क्रियाकलापहरूमा तपाईं आत्मिक सेवा पुऱ्याउने कुनै ठाउँ पनि पुऱ्याउन सक्नुहुन्छ । हाते पर्चाहरू बाँड्दै गर्नुहुँदा तपाईंले कसैको समस्यालाई पहिचान गरी ऊसँग आफ्नो साक्षी बाँड्न सक्नुहुन्छ ।

**८** यदि तपाईं पाल टाँग्नका लागि सहायता गर्दै हुनुहुन्थ्यो र एक गैर खीष्टियान व्यक्तिले मद्दत गर्ने इच्छा गरे भने अब तपाईं के गर्नुहुन्छ ?

**क)** काम गर्नका लागि पर्याप्त खीष्टियानहरू छन् भनी उनलाई भन्नु ।

**ख)** उनलाई मद्दत गर्न दिनु र स्वयम्-सेवकका रूपमा उनलाई ठाउँ दिनु ।

**ग)** उनलाई मद्दत गर्न दिनु र उनीसँग अझै मित्रता कायम राख्ने कोशिश गर्नु ।

**घ)** उनले परमेश्वरको निम्ति काम गर्न सक्नुभन्दा पहिले उनले उद्धार पाउनुपर्छ भनी उनलाई बताउनु ।

## व्यक्तिगत सेवक बन्नु

सुसमाचार प्रचारको कार्यमा सर्वप्रथम तपाईंले सहयोगीका रूपमा अनुभव प्राप्त गर्नुपर्छ भनी हामीले सुझाव दिएका थियौं । सुसमाचारीय सेवामा प्रत्येक विश्वासीले गर्न सक्ने काम त्यहाँ छ भन्ने कुरा तपाईं देख्नुहुन्छ । दोस्रो कदमचाहिँ व्यक्तिगत (निजी) सेवक बन्नु हो । सक्रिय आमुन्ने-सामुन्ने सुसमाचार प्रचारमा तपाईं संलग्न बन्नुहुँदा तपाईंका लागि चुनौती पर्खिरहेको हुन्छ ।

ताइचुङ सुसमाचारीय सभामा संलग्न भएका स्वयम्-सेवकहरू असल व्यक्तिगत सेवकहरू बनेका थिए । नम्रतासाथ मानिसहरूसँग कुराकानी गर्न, तिनीहरूका समस्याहरूलाई बुझ्ने हुन, तिनीहरूलाई ख्रीष्टमा विश्वासमा अगुवाइ गर्न मिशनेरीहरूले ती स्वयम्-सेवकहरूलाई मद्दत गरेका थिए । प्रत्येक रात प्रचारकले प्रचार गरेपछि, धेरै मानिसहरू आत्मिक सहयोगको निम्ति अगाडिपट्टि आए । उनले ध्यानपूर्वक मुक्तिका कदमहरूलाई व्याख्या गरिदिए र प्रतिउत्तर दिने सबैका निम्ति उनले प्रार्थना गरे ।

अब व्यक्तिगत सेवकहरूले मानिसहरूसँग कुरा गर्ने पालो आयो । प्रत्येक व्यक्तिसँग सधैंभरि एक-एक गरेर कुराकानी गर्ने सम्भावना हुँदैन । प्रायःजसो एउटा सेवकले उनका वरिपरि जम्मा भएका धेरै व्यक्तिहरूसँग कुराकानी गर्छन् । प्रत्येक व्यक्तिगत सेवकले मुक्तिका कदमहरूलाई अझै व्याख्या गरिदिन्छन्, सोधिएका प्रश्नहरूका जवाफ दिन्छन् र प्रभुलाई खोज्ने यी व्यक्तिहरूलाई प्रार्थनामा अगुवाइ गर्छन् । यताउति पर्खेर बसेका व्यक्तिहरूलाई एक एक गरेर परामर्श दिइन्छ ।

प्रत्येकलाई सुसमाचारीय पुस्तिका दिइन्छ र नाम र ठेगानासहित निर्णय कार्डमा भर्न लगाइन्छ । ती व्यक्तिलाई आत्मिक सहयोग पुऱ्याउने उद्देश्यले मात्र नाम र ठेगाना लिइएको हो भनी निश्चयता प्रदान गर्नुपर्दछ ।

श्रीमती टान नाम गरेकी एक जना जिज्ञासुले पछि हामीलाई आफ्नो कथा बताइन् । साँझ पर्नुभन्दा अगाडि तिनी आफ्नो घरमा बसेर बडो ध्यानपूर्वक मूर्तिको दराज नजिकै राखिएको टेलिभिजनमा धारावाहिक कथा हेरिरहेकी थिइन् । एक्कासी टेलिभिजन तस्वीरहरू धमिला भए र टेलिभिजन सेट बन्द भयो । निराश हुँदै श्रीमती टानले आफ्नो माथिल्लो तलाबाट निस्केर बिस्तारै सानो भऱ्याङ ओर्ली नजिकै रहेको शहर पार्कमा गइन् ।

तिनी त्यस पार्कको मुख्य ढोकामा पुग्दै गर्दा तिनले बडो आनन्दसाथ गाइएका भजनहरू सुनिन् र पालमा मानिसहरूको भीडलाई देखिन् । तब मालिन नाम गरेकी एक किशोरीले नम्रतासाथ श्रीमती टानलाई सुसमाचार पर्चा दिइन् र पालभित्र आएर “आनन्दको समाचार” (सुसमाचारको निम्ति चिनियाँ अभिव्यक्ति) सुन्नका लागि विनम्र आग्रह गरिन् । श्रीमती टानले यस्तो समाचार कहिल्यै नसुनेकी हुनाले तिनमा ठूलो जिज्ञासा उत्पन्न भयो र यसरी मालिनले तिनलाई पालभित्र लगिन् र मेचमा बस्नका लागि सहायता गरिन् ।

परमेश्वरको वचनले श्रीमती टानको हृदयलाई छोयो । गाइएका गीतहरू र तिनका वरिपरिका मानिसहरूका आनन्दित अनुहारहरूद्वारा पनि तिनी प्रभावित भएकी थिइन् । अर्को बेलुकी पनि तिनी आइन् । यो प्रक्रिया धेरै रातसम्म चल्यो । अन्त्यमा, प्रार्थनाको निम्ति तिनी अगाडिपट्टि गइन् । एउटा सेवकले तिनीसँग कुराकानी गरे, तिनीसँग प्रार्थना गरे, र तिनको नाम र ठेगाना लिए । तिनको सानो गाँड निको हुनको निम्ति पछि तिनले विश्वासमा प्रतिउत्तर दिइन् र प्रभुले त्यो गाँड हटाइदिनुभयो । मुक्तिदातामा भरोसा राख्दा श्रीमती टानले शान्ति र आनन्द पाइन् ।

**९** श्रीमती टानको जीवन परिवर्तनमा धेरै मानिसहरू अप्रत्यक्ष रूपमा संलग्न भएका थिए । ख्रीष्टलाई ग्रहण गर्ने तिनको निर्णयमा प्रत्यक्ष संलग्न तीन व्यक्तिहरूको सूची बनाउनुहोस् ।

..........................................................................................

..........................................................................................

**१०** ताइचुङ सुसमाचारीय अभियानको विवरणले पाठ २ को अन्त्यमा आफ्नो अभ्यास पुस्तिकामा तपाईंले नाम लेख्नुभएका मानिसहरूकहाँ कसरी पुग्ने भन्ने सम्बन्धमा तपाईंलाई केही विचार दिएको हुनुपर्छ । यदि यसो हो भने, यी विचारहरूलाई पनि तपाईंको अभ्यास पुस्तिकामा लेख्नुहोस् र यिनीहरूका बारेमा प्रार्थना गर्नुहोस् ।

## सुसमाचार प्रचारमा अनुगमन कार्य संलग्न हुन्छ

**उद्देश्य ४**. *अनुगमन कार्यको महत्वपूर्णतालाई पहिचान गर्नुहोस् ।*

सुसमाचारीय अभियानहरू उत्साहवर्द्धक हुन्छन् ! भीडहरू, सङ्गीत, भजनहरू, अभिषिक्त प्रचार र मानिसहरूले उद्धार पाउने र निको हुने ! अति नै छिटो हाम्रो अभियान बन्द हुन्छ । त्यो ठाउँ छोड्नुभन्दा पहिले प्रचारकले यसो भने, “अब तपाईंहरूले गर्नुपर्ने काम छ !”

उनले के भन्न खोजेका थिए ? सभाभन्दा पहिले र सभावधिमा के हरेकले हप्तौंसम्म काम गरिरहेको थिएन र ? तर एकलै वा समूहमा गरिएको सुसमाचार प्रचारमा अनुगमन कार्य समावेश भएकै हुनुपर्छ । यो गर्ने केही तरिकाहरू यहाँ छन् ।

## भेटघाट कार्यक्रम राख्नुहोस्

ताइचुङ सुसमाचारीय सभा सकिनुभन्दा पहिले स्वयम्-सेवकहरू र पास्टरहरूले भेटघाट कार्यक्रमहरूको तर्जुमा गरे । सयौं निर्णय कार्डहरूलाई हेरियो र अध्ययन गरियो । सोधपुछ गर्ने वा जिज्ञासु मानिसहरूको खोजी गर्दा धेरै जनाले दिएका ठेगानाहरू बेठीक देखिए । मानिसहरूलाई भेट्टाउनका निम्ति धेरै दिन लाग्यो । स-साना गल्लीहरूमा, चोकहरूमा जानुपर्‍यो र अग्ला-अग्ला घरहरूका भर्‍याङहरूमा पनि चढ्नुपर्‍यो ।

विश्वासयोग्य भेटघाटद्वारा, नयाँ विश्वासीहरू ख्रीष्टियान विश्वासमा उत्साहित भएका थिए । तिनीहरूमध्ये केहीले चिनियाँ पास्टर वा मिशनेरीको नेतृत्वमा प्रार्थना सभाहरू वा बाइबल अध्ययनहरूलाई स्वागत गरेका थिए ।

श्रीमती टानलाई तिनको माथिल्लो तलाको घरमा गएर भेटियो । तिनी प्रायः जसो घरमा एकलै हुन्थिन् किनकि तिनका पति क्युरियो निर्यात व्यापारका निम्ति बाहिर जाने गर्थे । स्वयम्-सेवकहरूले तिनलाई प्रार्थना गर्न सिकाए । पछि, तिनले आफ्नो मूर्तिपूजालाई त्यागिन् । इस्टर आइतबार बिहानी तिनले आनन्दसाथ पानीमा बप्तिस्मा लिइन् । भर्खरैमात्र तिनको एउटै छोराको मृत्यु हुँदा तिनले प्रभुको शान्ति र सान्त्वनाको साक्षी दिइन्, जुन विना उनले भनेअनुसार उनी पागल बन्न सक्ने थिइन् । अहिले तिनी ताइचुङमा स्थानीय मण्डलीमा सहभागी हुन्छिन् ।

यदि त्यहाँ भेटघाट गर्ने कार्यक्रम नभएको भए, श्रीमती टान र अरूहरूले मूर्तिपूजक वातावरणमा नै आफूलाई राख्नेथिए । "मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हो" (लूका ९:१०) । अनुगमन कार्यमा मानिसहरूलाई निरन्तर रूपमा खोजिरहने र यसो गर्दा जुत्ता फटाउने कुरा संलग्न भएको हुन्छ ! के येशूले त्यो र अझै धेरै गर्नु हुन्न र ?



**११** *औँलाटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **खुला ढोका** *बाइबल खण्ड :* **प्रकाश ३:२०**

*बाइबल पद :* **हेर, म ढोकामा उभिएर ढक्ढक्याउँछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु, र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ ।**

## आत्मिक दाता हुनुहोस्

जब एक व्यक्तिले येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्छ र पापको क्षमा पाउँछ भने ऊचाहिँ नयाँ जन्मेको शिशुजस्तै हो । शिशुलाई प्रेम गरिनुपर्छ, खुवाइनुपर्छ र हेरचाह गरिनुपर्छ भन्ने कुरा सबै आमा-बाबुलाई थाहा हुन्छ । यो सानो बालक वृद्धि हुँदा उसलाई अझै परिपक्व विश्वासीहरूको सहयोगको आवश्यकता पर्दछ- अर्थात् आत्मिक "आमाबाबु" को, जसले उसलाई ऊ परमेश्वरको परिवारको अङ्ग हो भनी पहिचान गराउँछ । उसलाई अरू

विश्वासीहरूसँग परिचित गराएर र ख्रीष्टियान सङ्गतिमा संलग्न गराएर तपाईं आत्मिक दाता हुन सक्नुहुन्छ ।

**१२** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

**क** प्रचारक अर्को ठाउँमा गइसकेपछि सङ्गठित सुसमाचार प्रचार प्रयासको अन्त्य भएको हुन्छ ।

**ख** सोधपुछ गर्ने जिज्ञासु व्यक्तिसँग एकपल्ट सम्पर्क गरिसकेपछि सङ्गठित सुसमाचार प्रचार प्रयासको अन्त्य हुन्छ भन्ने कुरा बताउनु कठिन छ कारण अनुगमन कार्य धेरै महिनासम्म निरन्तर रहन सक्छ ।

**१३** आफ्नो अभ्यास-पुस्तिकामा सुसमाचारीय प्रयासका कमसेकम दुई क्षेत्रहरूलाई लेख्नुहोस् (प्रत्यक्ष वा समर्थित) जसमा तपाईं कहिल्यै संलग्न हुनुभएको छैन र जसमा संलग्न हुन तपाईंका निम्ति सम्भव छ। तब ती प्रयासहरूका भाग बन्नेतर्फ निर्दिष्ट कदम चाल्नुहोस् ।

**१४** तपाईंले पाठ २ को अन्त्यमा आफ्नो अभ्यास पुस्तिकामा लेख्नुभएका नामहरूलाई हेर्नुहोस् । प्रभुको निम्ति तपाईंले जित्न चाहनुभएको कुनै पनि व्यक्तिलाई मण्डली सेवा वा सुसमाचारीय सभामा निमन्त्रणा गर्नुहोस् ।

**स्वयम्-जाँच**

**१** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

**क** सुसमाचार प्रचारमा समूहकार्य मण्डली-आधारित हुनैपर्छ र प्रयोग भएका पुस्तिकाहरू वा पर्चाहरूमा मण्डलीको नामको छाप प्रयोग गरिएकै हुनुपर्छ ।

**ख** विश्वासीहरू जहाँ जहाँ गए उनीहरूले खीष्टको बारेमा बताएका हुनाले सुरूको मण्डली वृद्धि भएको हो ।

**ग** सम्पूर्ण नयाँ करार मण्डलीहरू स्थापना गर्नका लागि प्रेरितहरू जिम्मेवार थिए ।

**घ** सुरूका सुसमाचारीय टोलीहरू येशूद्वारा पठाइएका थिए ।

**२** सुसमाचार प्रचारमा एकैसाथ धेरै व्यक्तिहरूले काम गर्ने परिस्थितिको प्रत्येक उदाहरणको अगाडि ‘टोलिकार्य’ लेख्नुहोस् ।

.... **क** तपाईंको निम्ति खीष्टले जे गर्नुभएको छ त्यस बारेमा तपाईं आफ्नी काकीलाई साक्षी दिनुहुन्छ ।

.... **ख** नगर-व्यापी सुसमाचारीय सभा हुनुभन्दा पहिले हजारौँ हाते पर्चाहरू र सुसमाचारीय पर्चाहरू वितरण गरिएका थिए ।

.... **ग** एक मण्डलीले हप्तामा एकपल्ट झ्यालखानमा सुसमाचारीय सभाको आयोजना गर्छ ।

.... **घ** तपाईंको छिमेकीलाई मद्दतको आवश्यकता परेको हुनाले उनको घरमा तुरून्तै जानका लागि पवित्र आत्माले तपाईंलाई आग्रह गर्नुहुन्छ ।

**३** तल दिइएका कुन कुन क्रियाकलापहरू सुसमाचार प्रचारमा सक्रिय नठानिएर तिनीहरूलाई सहयोगपूर्ण र समर्थित ठानिएका छन् ?

क नयाँ आत्माहरूका निम्ति प्रार्थना गर्नु ।

ख बाइबल क्याम्पमा जाने बालकको यात्राको लागि प्रार्थना गर्नु ।

ग सडकमा सञ्चालित सुसमाचारीय सभामा साक्षी दिनु ।

घ सुसमाचारीय अभियानहरूमा भाग लिनु ।

ङ सोधपुछ गर्नेहरू वा जिज्ञासुहरूसँग कुराकानी गर्नु र प्रार्थना गर्नु ।

च भवन वा पाललाई सरसफाइ गरी तयार पार्नु ।

**४** नयाँ विश्वासी तीन कुराहरूमा कसरी शिशुजस्तै हुन्छ ? उसलाई ... आवश्यकता पर्छ ।

**५** वाक्यांशलाई पूरा गर्ने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । मण्डली वृद्धि हुन्छ जब

क समुदायमा पुग्नका लागि यसले पर्याप्त टोलीहरूलाई सङ्गठित गर्छ ।

ख सभाको निम्ति ठीक प्रचारक आउँछन् ।

ग आत्माहरू बचाइन्छन् र शरीरहरू निको हुन्छन् ।

घ आत्माहरू जित्न र अनुगमनको काम गर्न प्रत्येक व्यक्तिले जिम्मेवारी बहन गर्छ ।

**६** तपाईंले सिक्नुभएको औंलाटुप्पो खण्डलाई स्मरणबाट तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् वा कसैसँग उद्धृत गर्नुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई समावेश गर्नुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

**१** सतावट

**८** **ग)** उनलाई मद्दत गर्न दिनु र उनीसँग अझै मित्रता कायम राख्ने कोशिश गर्नु । परमेश्वरले तपाईंको सामु राखिदिनुभएको मौकालाई पहिचान गर्नु ।

**२** **क** समूह कार्य ।

**ग** समूह कार्य ।

**ख** र **घ** यस्ता अवस्थाहरू हुन् जहाँ समूहगत सुसमाचार प्रचारको सहयोग विना नै तपाईंले आत्मा जित्ने व्यक्तिका रूपमा सहयोग गर्न सक्नुहुन्छ ।

**९** तपाईंले मालिन (किशोरी), प्रचारक, अनुवादकहरू र स्वयम्-सेवकहरूलाई समावेश गर्न सक्नुहुन्छ ।

**३** नगर-व्यापी सुसमाचारीय सभाहरू, स्थानीय सुसमाचारीय सभाहरू, आत्मा जित्ने टोलीहरू, भेटघाट गर्ने टोलीहरू वा ख्रीष्टियान साहित्य वितरण गर्ने टोलीहरूलाई तपाईंले सूचीगत गर्न सक्नुहुन्छ ।

**१०** तपाईंको उत्तर ।

**४** कुनैलाई पनि कम आवश्यक ठानिँदैन । सबै आवश्यकपूर्ण छन् ।

**११** तपाईंले आफ्नो कार्डमा नहेरिकन नै औँलाटुप्पो बाइबल खण्डका तीनवटै भाग प्रकाश ३:२० लाई उद्धरण गर्न सक्नुपर्नेछ ।

**५** **क** ३) समर्थित ।

**ख** १) मित्रता ।

**ग** २) आमुन्ने-सामुन्ने ।

**१२** **क** बेठीक ।

**ख** बेठीक ।

**ग** ठीक ।

**६** आमुन्ने-सामुन्ने, मित्रता, समर्थित (प्रार्थना, व्यक्तिगत हाजिरी, आर्थिक रूपमा सहयोग गर्नु) । यी सबैका मुनि तपाईंले धर्को तान्नुभयो होला भनी म आशा गर्दछु ।

**१३** तपाईंको उत्तर ।

**७** तपाईंको उत्तर । उदाहरणमा उल्लेख गरिएका कुनै पनि विषयहरूलाई तपाईंले विचार गर्नुभएका अन्य विषयहरूसँग समावेश गर्न सकिन्छ ।

**१४** तपाईंको उत्तर ।

# एकाइ २

# प्राप्त गर्नुपर्ने शक्ति-सुसज्जित हुनु !

